नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड
NERUDE MIRMIRE LAGHUBITTA BITTIYA SANSTHA LIMITED
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

चलानी नं.:८s।००१।०८३।८४ मिति : २०८३/०४/०१

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं

**विषय:** वार्षिक साधारण सभा स्थगित भएको तथा वार्षिक साधारण सभा पुन: सञ्चालन गर्ने सम्बन्धमा ।

महोदय,

यस नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको उन्नाइसौं वार्षिक साधारण सभा मिति २०८३ साल असार ३२ गते आयोजना गरिएकोमा कम्पनी ऐन, २०६३ तथा संस्थाको प्रबन्धपत्र एवं नियमावली बमोजिम आवश्यक गणपूरक संख्या (Quorum) कायम हुन नसकेको कारण उक्त साधारण सभा सञ्चालन हुन नसकी स्थगित भएको व्यहोरा जानकारी गराउँदछौं ।

उक्त सम्बन्धमा मिति २०८३ साल असार ३२ गते दिउँसो ३:०० बजे बसेको सञ्चालक समितिको ३९९औं बैठक ले कम्पनी ऐन, २०६३, संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम स्थगित भएको उन्नाइसौं वार्षिक साधारण सभा पुन: देहायबमोजिम सञ्चालन गर्ने निर्णय गरेको व्यहोरा जानकारी गराइन्छ ।

मिति : २०८३ साल श्रावण १० गते, आइतबार (तदनुसार २६ जुलाई २०२६)
समय : बिहान ११:०० बजे
स्थान : व्हाइट प्यालेस ब्याङ्क्वेट, मध्यपुर थिमी-३, कौशलटार, भक्तपुर

यस सम्बन्धी सूचना मिति २०८३ साल श्रावण १ गते प्रकाशित नेपाल समाचारपत्र राष्ट्रिय दैनिक मार्फत समेत सार्वजनिक गरिएको तथा संस्थाको वेबसाइट www.nerudemirmire.com.np मा प्रकाशन गरी शेयरधनी महानुभावहरूलाई आवश्यक जानकारी उपलब्ध गराइएको व्यहोरा समेत अनुरोध गर्दछौं ।
उक्त जानकारी यहाँको अभिलेख तथा आवश्यक प्रयोजनका लागि प्रेषित गरिएको व्यहोरा अनुरोध छ ।

**संलग्न:** स्थगित वार्षिक साधारण सभा सम्बन्धी प्रकाशित सूचना । (नेपाल समाचारपत्र-२०८३/०४/०१)

भवदीय,

(राजेश श्रेष्ठ)
कम्पनी सचिव

**बोधार्थ:**
१. नेपाल धितोपत्र बोर्ड, खुमलटार ललितपुर
२. श्री नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेड, ठमेल काठमाडौं
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं
४. श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक काठमाडौं
५. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार काठमाडौं
६. श्री नेपाल राष्ट्र बैंक लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बालुवाटार काठमाडौं